apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्ष: १२ ● अंक: १८७ ● पृष्ठ: ४ ● ०८ साउन २०८३ शुक्रबार (24 July 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/


पूर्वएसएसपी साह नै ठगीमा परेपछि...
समाचार पृष्ठ ४

# लहानमा प्रहरीको गोली चल्दा दुई लागुऔषध कारोबारी घाइते, ६ जना पक्राउ

**शुभ नारायण कामती**
**सिरहा, साउन ०७ गते**

सिरहाको लहान नगरपालिका-३ स्थित अस्पताल चोक क्षेत्रमा लागुऔषध नियन्त्रण अभियानका क्रममा प्रहरीले चलाएको गोली लागेर दुई जना लागुऔषध कारोबारी घाइते भएका छन्। घटनामा छ जना पक्राउ परेका छन् भने उनीहरूको साथबाट ठूलो परिमाणमा ब्राउनसुगर बरामद भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक (एसपी) बासुदेव पाठकका अनुसार लागुऔषध नियन्त्रण ब्युरो, कोटेश्वरको टोलीले विशेष सूचनाका आधारमा बिहीबार अस्पताल चोक क्षेत्रमा निगरानी तथा चेकजाँच अभियान सञ्चालन गरेको थियो।

प्रहरीले दुईवटा मोटरसाइकलमा आएका छ जनालाई नियन्त्रणमा लिन खोज्दा उनीहरूले भाग्ने तथा प्रतिरोध गर्ने प्रयास गरेपछि गोली चलाउनुपरेको



एसपी पाठकले बताए।

गोली लागेर घाइते हुनेमा सप्तरीको रुपनी गाउँपालिका-१ निवासी ४२ वर्षीय मोहम्मद नसिर र भारतको बिहार राज्य, मधुबनी जिल्ला, लदनियाँ थाना अन्तर्गत जोगिया-१ निवासी २४ वर्षीय विद्यानन्द यादव रहेका छन्। नसिरको बायाँ खुट्टाको घुँडामुनि र यादवको दायाँ खुट्टाको घुँडामुनि गोली लागेको छ। दुवैको लहानस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको र स्वास्थ्य अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

पक्राउ पर्ने अन्य व्यक्तिहरूमा सप्तरीको बोदे बरसाइन नगरपालिका-२ का २८ वर्षीय शम्भु प्रसाद यादव, डाक्नेश्वरी नगरपालिका-२ का २८ वर्षीय मोहम्मद जमाहिर आलम, बोदे बरसाइन-२ का २४ वर्षीय बैजनाथ प्रसाद यादव र डाक्नेश्वरी-२ का ३२ वर्षीय मोहम्मद ईमामुद्दिन रहेका छन्।

प्रहरीका अनुसार मोहम्मद नसिरको साथबाट १२३ ग्राम र विद्यानन्द यादवको साथबाट १२० ग्राम ब्राउनसुगर बरामद भएको हो। यसरी दुवैबाट बरामद ब्राउनसुगरको परिमाण २४३ ग्राम पुगेको प्रहरीले स्पष्ट पारेको छ।

प्रहरीले पक्राउ परेका सबै व्यक्तिमाथि लागुऔषध सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको जनाएको छ । घटनाबारे थप अनुसन्धान जारी रहेको र आवश्यक विवरण क्रमश: सार्वजनिक गरिने जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

बाँकी पृष्ठ ३ ▸▸

# आन्तरिक राजस्व कार्यालय लहानका कर अधिकृत ५ लाख घुससहित पक्राउ



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०७ गते**

सिरहाको लहानस्थित आन्तरिक राजस्व कार्यालयका कर अधिकृत युवराज पाल ५ लाख रुपैयाँ घुससहित रंगेहात पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिबासको टोलीले पाललाई ५ लाख घुससहित पक्राउ गरेको हो।

पाललाई केही समयअघि मात्रै घुस रकम लिइसकेको अवस्थामा कार्यालयबाटै पक्राउ गरिएको र मुचुल्का लगायतका आवश्यक कानूनी प्रक्रिया पूरा गर्ने कार्य भइरहेको आयोगका बर्दिबासका प्रमुख रामबहादुर कुरुम्वाङले जानकारी दिए।

अख्तियार स्रोतका अनुसार, गोलबजारस्थित सिरहा सुपर मार्केटको आर्थिक वर्ष २०७८/७९ को पूर्ण कर परीक्षण गर्ने क्रममा अधिकृत पालले घुस मागेका थिए। पालले सुपर मार्केटका प्रतिनिधिलाई आफूभन्दा माथिका कर अधिकृत प्रकाश राईसहितका व्यक्तिलाई मिलाउनुपर्ने भनेका थिए।

अडिटका क्रममा कार्यालयले सुरुमा कर, जरिवाना तथा अन्य शीर्षकमा गरी सुपर मार्केटले करिब २ करोड

बाँकी पृष्ठ ४ ▸▸

# मधेशका पूर्वअर्थमन्त्री साहसहित ७ जनामाथि भ्रष्टाचार मुद्दा

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०७ गते**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेश सरकारका तत्कालीन अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, तत्कालीन सचिव गजेन्द्र कुमार ठाकुर, बागमती नगरपालिकाका तत्कालीन नगर प्रमुख भरत कुमार थापासहित ७ जना तथा निर्माण कम्पनी बिकोई/धुलिखेल जेभी, बानेश्वर, काठमाडौँविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

सर्लाहीको बागमती नगरपालिका -११, सर्लाहीस्थित बागमती फनपार्क एण्ड रिसोर्ट निर्माण आयोजनामा सार्वजनिक खरिद प्रक्रियामा अनियमितता, लागत बढाएर ठेक्का स्वीकृत गर्ने तथा सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पुर्‍याएको आरोपमा उनीहरूविरूद्ध बिहीबार विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

तत्कालीन अर्थमन्त्री, सचिवलाई



३५ करोड बिगो मागदाबी गरिएको छ। त्यस्तै बागमतीका तत्कालीन नगर प्रमुख थापा, तत्कालीन नगर उपप्रमुख लिला कुमारी मुक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत बिमल कुमार पोखरेललाई ३९ करोड ३९ लाख ६६ हजार ३३३ रुपैयाँ बिगो मागदाबी गरिएको छ। निर्माण कम्पनी बिकोई/धुलिखेल जेभी र उक्त जेभीका आधिकारीक प्रतिनिधि

बाँकी पृष्ठ २ ▸▸

# चार लाख मूल्यको मदिरासहित कार बरामद

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०७ गते**

सशस्त्र प्रहरी बल नेपालको सुरक्षा गस्ती टोलीले सीमा नाका छलेर अवैध रूपमा भारततर्फ निकासी गर्न खोजिएको करिब चार लाख रुपैयाँको मदिरासहित कारलाई नियन्त्रणमा लिएको छ।

सिरहास्थित सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टरका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार बिहीबार बिहान करिब २ बजेतिर भगवानपुर गाउँपालिका- ३, धाँतीस्थित दशगजा नजिकबाट करिब चार लाख मूल्यबराबरको विभिन्न कम्पनीका मदिरा र लोड गरिएको डिएल ७ सिएच ९७९२ नम्बरको कार बरामद भएको हो।

भगवानपुरको इनर्वास्थित सीमा सुरक्षा गुल्म हेडक्वार्टरको नौजनाको गस्ती टोलीले अवैध रूपमा नेपाल

बाँकी पृष्ठ ४ ▸▸

# भारतमा विरोधको नयाँ शैली: लाठीचार्ज र अश्रुग्यासबीच 'रिल्स र मिम' को बाढी

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०७ गते**

सोमबार २० वर्षीया छवि (परिवर्तित नाम) दिल्लीको एउटा मेट्रो स्टेशनबाहिर केही बेरका लागि रोकिइन्। छवि प्रधानमन्त्री नरेन्द्र मोदी सरकारविरूद्ध भइरहेको विरोध प्रदर्शनमा सहभागी हुन आएकी थिइन्।

उनले आफ्नो फोन रलिङको आडमा राखिन्, केही पछाडि सरिन् र छोटो 'फिट चेक' भिडियो रेकर्ड गरिन्। यसमा उनले प्रदर्शनमा जानुअघि आफ्नो पहिरन देखाएकी थिइन्।

उनले क्यामेरातिर मुस्कुराउँदै भनिन्,'साथीहरू, पुलिसबाट कुटाइ खान जाँदैछु।'

केही घन्टापछि प्रहरीले अश्रुग्यास प्रहार गर्‍यो र लाठी चार्ज गर्‍यो। यसै क्रममा ककरोच जनता पार्टी (सीजेपी) का हजारौं समर्थक संसद्तर्फ मार्च गरिरहेका थिए।

युवाहरूको नेतृत्वमा भएको यो आन्दोलन परीक्षामा भएका गडबडीविरूद्धको विरोधबाट सुरु भई सरकारको जवाफदेहीताको व्यापक अभियानमा परिणत भयो।

प्रदर्शनकारीहरू परीक्षाको प्रश्नपत्र लिक भएको मामिलामा शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा मागी रहेका छन्। प्रधानले भने राजीनामा दिन अस्वीकार गरेका छन्।

विपक्षले राजनीतिक फाइदाका लागि विद्यार्थीहरूको प्रयोग गरिरहेको उनको आरोप छ।

सोमबार प्रशासनले प्रदर्शनस्थल वरपर मोबाइल इन्टरनेट सेवा बन्द गरिदिएको थियो। प्रहरीले प्रदर्शनमा बल प्रयोग गर्दै ठूलो संख्यामा प्रदर्शनकारीहरूलाई कुटपिट गरेको प्रदर्शनकारीको आरोप छ। यता प्रहरीले पनि ठूलो संख्यामा सुरक्षाकर्मी घाइते भएको बताएको थियो।



जब छविले त्यो साँझ आफ्ना भिडियोहरू अपलोड गरिन्, तब एउटा कुरा सबैभन्दा फरक देखियो-मार्च सुरू हुनुअघि उनले प्रहरीबाट कुटाइ खाने कुराम ठट्टा गरेकी थिइन्।

साँझको भिडियोमा उनी मुस्कुराइरहेकी थिइन्। छवि प्रहरीसँगै उभिएर तस्बिर खिचाइरहेकी थिइने, जितको संकेत (भी साइन) बनाइरहेकी थिइन्, भिडको बीचमा भिडियो रेकर्ड गरिरहेकी थिइन् र यहाँसम्म कि एक घाइते प्रदर्शनकारीको अन्तर्वार्ता पनि लिइरहेकी थिइन्।

यी ती हजारौं रिल्स र मीम भिडियोहरूमा सामेल थिए, जसले

बाँकी पृष्ठ ३ ▸▸







०८ साउन ०८३ शुक्रबार
www.apandainik.com
अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

## सम्पादकीय...

## सिरहा बजारमा उपभोक्ताको हित विपरीत व्यवसाय र कारबाही

गृह मन्त्रालयको निर्देशन अनुसार जिल्ला प्रशासन कार्यालय सिरहाले सदरमुकामका होटल, रेस्टुरेन्ट तथा बेकरीहरूमा गरेको संयुक्त बजार अनुगमन गरेको छ। अनुगमनको क्रममा सिरहामा उपभोक्ता संरक्षणको अवस्था अझै पनि सन्तोषजनक नरहेको फेला परेको छ। अनुगमनका क्रममा सातवटा व्यवसायलाई कुल एक लाख १० हजार रुपैयाँ जरिवाना गर्नु र म्याद नाघेका तथा अखाद्य खाद्य सामग्री जफत गरी नष्ट गर्नु परेको छ। यसले सिरहामा उपभोक्ताको स्वास्थ्य र सुरक्षामाथि खेलबाड गर्ने प्रवृत्ति वढेको र राज्यको स्पष्ट रुपमा कारबाही गर्नुपर्ने उदेश्यलाई देखाएको छ। विशेष गरी सबैभन्दा बढी अखाद्य वस्तु फेला परेको युनिक बेकरी एण्ड स्वीट्स हाउसलाई ५० हजार रुपैयाँ जरिवाना गरिनुबाट सिरहा सदरमुकाममा दैनिक रुपमा उपभोग गर्ने वस्तुमा चरम लापरवाहीको स्तर गम्भीर रहेको देखिन्छ। उपभोक्ताले विश्वासका साथ खरिद गर्ने खाद्य सामग्री नै अस्वच्छ, म्याद नाघेको वा गुणस्तरहीन हुनु कुनै सामान्य त्रुटि होइन। यस्तो कार्यले नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने भएकाले यसलाई आर्थिक अनियमितता मात्र नभई सार्वजनिक स्वास्थ्यसँग जोडिएको संवेदनशील विषयका रूपमा लिनुपर्छ।

उपभोक्ता संरक्षण ऐन, खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी कानुनहरू व्यवसायीलाई दुःख दिनका लागि बनाइएका होइनन्। ती कानुनको मूल उद्देश्य सुरक्षित, गुणस्तरीय र स्वच्छ खाद्य सामग्री उपभोक्तासम्म पुग्ने सुनिश्चित गर्नु हो। सरसफाइ, मूल्यसूचीको स्पष्ट व्यवस्था, बिल जारी गर्ने प्रणाली, प्यान नम्बरको सार्वजनिक प्रदर्शन, खाद्य सामग्रीको उचित भण्डारण तथा कानुनी मापदण्डको पालना गर्नु प्रत्येक व्यवसायीको न्यूनतम दायित्व हो। यी आधारभूत जिम्मेवारीसमेत पूरा नगर्नु उपभोक्ताप्रतिको गैरजिम्मेवारी हो। व्यापारको मूल आधार विश्वास हो। उपभोक्ताको विश्वास गुमाउने व्यवसाय दीर्घकालसम्म टिक्न सक्दैन। तत्कालको नाफाका लागि गुणस्तरमा सम्झौता गर्ने, म्याद नाघेका सामग्री बिक्री गर्ने वा सरसफाइमा लापरवाही गर्ने प्रवृत्तिले व्यवसाय मात्र होइन, समग्र बजारको विश्वसनीयतालाई कमजोर बनाउँछ। त्यसैले व्यवसायीले कानुनी बाध्यता मात्र होइन, नैतिक जिम्मेवारीका रूपमा पनि उपभोक्ताको हितलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ।

यसैसँगै सरकारी निकायको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ। बजार अनुगमन कुनै एकपटकको अभियानमा सीमित हुनु हुँदैन। नियमित, प्रभावकारी र निष्पक्ष अनुगमनले मात्र कानुन कार्यान्वयनलाई मजबुत बनाउँछ। जरिवाना त एउटा माध्यम हो, तर त्यसपछि सुधार भए-नभएको निरन्तर अनुगमन गर्नु अझ आवश्यक छ। व्यवसायीलाई १५ दिनभित्र कमजोरी सुधार्न निर्देशन दिइएको छ भने त्यसको प्रभावकारी अनुगमन र आवश्यक परे थप कारबाही पनि हुनुपर्छ। कानुन उल्लंघन गर्नेलाई उन्मुक्ति दिने प्रवृत्तिले अनुशासित व्यवसायीसमेत निरुत्साहित हुने अवस्था सिर्जना गर्छ। उपभोक्ताको अधिकार संरक्षणमा नागरिकको भूमिका पनि कम छैन। म्याद, गुणस्तर, मूल्यसूची र बिल जस्ता विषयमा उपभोक्ता स्वयं पनि सचेत हुनुपर्छ। कुनै अनियमितता देखिए सम्बन्धित निकायमा उजुरी गर्ने बानीको विकास हुन आवश्यक छ। सचेत उपभोक्ता र जिम्मेवार व्यवसायीको सहकार्यबाट मात्र स्वस्थ बजार प्रणाली निर्माण हुन सक्छ। राज्यको पहिलो दायित्व नागरिकको जीवन, स्वास्थ्य र सुरक्षाको रक्षा गर्नु हो। त्यसैले उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने कुनै पनि गतिविधिप्रति शून्य सहनशीलताको नीति अपनाइनुपर्छ। बजार अनुगमनलाई नियमित, पारदर्शी र परिणाममुखी बनाउँदै कानुन उल्लंघन गर्नेलाई कडा कारबाही र सुधार गर्नेलाई प्रोत्साहन गर्ने नीति नै आजको आवश्यकता हो। त्यसैले सरकारी मापदण्डको पूर्ण पालना, व्यवसायीको सामाजिक उत्तरदायित्व र राज्यको निरन्तर निगरानी हुनुपर्छ। यी तीनै पक्षको प्रभावकारी कार्यान्वयनबाट मात्र सुरक्षित, स्वच्छ र विश्वासयोग्य बजार व्यवस्था स्थापना गर्न सकिन्छ।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।**

# ‘स्वायत्त’ सञ्चार संस्था गाभ्ने मधेश सरकारको तयारी, परामर्शबिनै अघि बढ्यो विधेयक

### आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डलाई गाभ्ने प्रस्ताव, पदाधिकारी भन्छन्- ‘हामीसँग कुनै परामर्श भएन’

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०७ गते**




मधेश प्रदेश सरकारले सञ्चार क्षेत्रसँग सम्बन्धित तीन वटा स्वायत्त संस्थालाई एउटै छातामुनि ल्याउने गरी नयाँ ‘मधेश प्रदेश आमसञ्चार विधेयक, २०८२’ अघि बढाएको छ। तर, सञ्चार क्षेत्रका सरोकारवाला निकायसँग कुनै औपचारिक छलफल नै नगरी विधेयकको मस्यौदा तयार पारिएको छ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयले तयार पारेको मस्यौदाअनुसार आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डलाई गाभेर एउटै संरचना बनाउने तयारी गरिएको छ। यससँगै हाल कार्यान्वयनमा रहेका ‘प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७’ र ‘प्रदेश एफ.एम., रेडियो तथा टेलिभिजन सञ्चालन सम्बन्धी ऐन, २०७७’ खारेज गर्ने प्रस्ताव पनि विधेयकमा समेटिएको छ।

प्रदेश सरकार गठनपछि सञ्चार क्षेत्रको नियमन, पत्रकारिताको प्रवर्द्धन, लोककला तथा चलचित्र क्षेत्रको विकासका उद्देश्यले स्थापना गरिएका यी तीन वटै निकाय कानुनी रूपमा ‘स्वायत्त’ संस्था हुन्। तर पर्याप्त बजेट, जनशक्ति र स्रोत-साधन नदिँदा ती संस्थाहरू प्रभावकारी रूपमा काम गर्न नसकेको गुनासो विगतदेखि उठ्दै आएको थियो।

यही पृष्ठभूमिमा सरकारले तीन निकायलाई गाभ्ने निर्णयतर्फ अघि बढे पनि सम्बन्धित संस्थाका पदाधिकारी, सञ्चारकर्मी तथा सरोकारवालासँग कुनै औपचारिक परामर्श नगरेको पाइएको छ। सञ्चार क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने कानुन तयार पार्दा व्यापक बहस र सार्वजनिक परामर्श हुनुपर्ने हो, तर सरकारले यसो गरेको छैन।

हाल तीन वटै संस्थामा अध्यक्षसहित कुल १३ सदस्य रहने व्यवस्था छ। अध्यक्ष मन्त्रिपरिषद्बाट तथा सदस्यहरू मन्त्रिस्तरको निर्णयबाट नियुक्त हुने कानुनी प्रावधान रहेको छ। तर नयाँ विधेयकमा भने एक अध्यक्ष र तीन सदस्य अर्थात् चार जना मात्र रहने प्रस्ताव गरिएको छ। यसले संस्थागत प्रतिनिधित्वसमेत घट्ने देखिएको छ। कला तथा लोकसञ्चार क्षेत्रबाट तीनबाट घटेर १ जना मात्रै रहने गरी व्यवस्था ‘ड्राफ्ट’ गरिएको छ।

यसै गरी पदको हैसियतमा समेत अपमान हुने गरी परिवर्तनको प्रस्ताव गरिएको छ। हालको कानुनी व्यवस्थाअनुसार अध्यक्ष प्रदेश सहसचिव सरहको हुने व्यवस्था छ भने सदस्यहरू अधिकृत (सातौं तह) का रहने प्रावधान छ।

तर नयाँ विधेयकमा अध्यक्षलाई नै अधिकृत (सातौं तह) र सदस्यलाई सुब्बा (पाँचौं तह) स्तरमा सीमित गर्ने प्रस्ताव गरिएको छ। सञ्चार क्षेत्रका जानकारहरूले यसलाई संस्थाको गरिमा र स्वायत्तताको अवमूल्यनका रूपमा व्याख्या गरेका छन्।

गृह, सञ्चार तथा कानुन मन्त्रालयका सूचना अधिकारी एवं प्रवक्ता राधेश्यामप्रसाद पालले मन्त्रालयले नयाँ विधेयकको गृहकार्य गरिरहेको पुष्टि गरे।

उनका अनुसार सरकारको समग्र नीति नै आवश्यकताका आधारमा निकायको पुनर्संरचना, मर्ज तथा खारेजीतर्फ उन्मुख भएकाले सञ्चार क्षेत्रका संस्थाहरूलाई पनि एउटै संरचनामा ल्याउने तयारी गरिएको हो।

उनले नयाँ ऐनको नाम ‘मधेश प्रदेश आमसञ्चार विधेयक, २०८२’ रहने जानकारी दिँदै हालका तीन संस्थालाई गाभेर अध्यक्षसहित चार सदस्यीय संरचना प्रस्ताव गरिएको बताए। सेवा-सुविधा भने नियमावलीमार्फत निर्धारण गरिने उनको भनाइ छ।

सरकारले यो ऐनका लागि मधेश प्रदेश सरकारका अर्थ मन्त्रालयबाट गत वैशाख १६ गते सहमति पनि लिइसकेको छ।

तर मन्त्रालयको यो तयारीबारे सम्बन्धित निकायका सरोकारवाल पदाधिकारी भने अनभिज्ञ छन्।

सरकारकै मातहतमा रहेका आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्रकुमार खड्गाले मन्त्रालयबाट आफूहरूलाई कुनै जानकारी वा छलफलका लागि नबोलाइएको बताए। ‘सरकारले नयाँ कानुन ल्याउन लागेको भन्ने सुनेका छौं, तर त्यसबारे हामीसँग कुनै औपचारिक परामर्श भएको छैन’, उनले भने।

त्यस्तै, मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष वन्दना झाले पनि सरकारले तयार गरिरहेको विधेयकबारे आफूहरूलाई कुनै जानकारी नरहेको दाबी गरिन्। ‘सञ्चार क्षेत्रलाई प्रत्यक्ष असर गर्ने कानुन बनाउनुअघि सरोकारवालासँग छलफल हुनुपर्थ्यो। तर त्यस्तो प्रक्रिया नै अपनाइएको देखिएन’, उनले भनिन्।

त्यस्तै, चलचित्र विकास तथा लोकसञ्चार बोर्डका अध्यक्ष किशोर लेखीले आफूले सुनेको तर औपचारिक र आधिकारिक जानकारी नभएको अपन दैनिकलाई बताए। उनले बाहिर सुनेको छु, तर औपचारिक रूपमा हामीसँग मन्त्रालयले छलफल भने गरेको छैन।

यसैबीच, आमसञ्चार प्राधिकरणका संस्थापक अध्यक्ष श्यामसुन्दर यादवले सरकारले सञ्चार क्षेत्रलाई कमजोर बनाउने दिशामा कदम चालिरहेको आरोप लगाए। उनका अनुसार प्रदेश सरकारले स्थापना गरेका संस्थाहरूलाई सुरुदेखि नै पर्याप्त बजेट, कर्मचारी र अधिकार नदिएर निष्क्रिय सरह बनाइयो, अहिले त्यही असफलतालाई देखाएर संस्था नै गाभ्ने तयारी गरिएको छ।

हामीले संस्थाको आधार तयार गर्न अनेक प्रयास गर्‍यौं। तर सरकारकै असहयोगका कारण ती संस्था अपेक्षाअनुसार चल्न सकेनन्,’ उनले भने, अहिले फेरि संस्था गाभ्ने नाममा अवसर नै सङ्कुचित गर्ने काम भइरहेको छ।

यादवले सङ्घीय शासन व्यवस्थाको मर्मअनुसार प्रदेश स्तरमा स्वतन्त्र र सक्षम सञ्चार संस्थाको विकास हुनुपर्नेमा उल्टै संरचना खुम्च्याउने प्रयास भएको बताए। ‘सङ्घीयताले अधिकार विकेन्द्रीकरण गर्नुपर्ने हो। तर अहिले अधिकार र अवसर दुवै केन्द्रित गर्ने अभ्यास भइरहेको छ’, उनले टिप्पणी गरे।

यस विषयमा नेपाल पत्रकार महासंघ पनि अनभिज्ञ रहेको छ। मधेश प्रदेश महासचिव शैलेन्द्र महतो (क्रान्ती) ले प्रस्तावित ऐनबारे कुनै जानकारी नभएको बताएका छन्।

सरकारले महासंघसँग हालसम्म छलफल नगरेको उनले बनाए। सञ्चार क्षेत्रका जानकारहरूका अनुसार कुनै पनि प्रदेशको सञ्चार नीति र नियामक संरचना परिवर्तन गर्दा पत्रकार महासङ्घ, सञ्चारसम्बन्धी संस्था, सञ्चार विज्ञ, कानुनविद् तथा सम्बन्धित निकायसँग खुला बहस गर्नु लोकतान्त्रिक अभ्यास हो। तर मधेश सरकारले त्यस्तो प्रक्रिया अवलम्बन नगरी विधेयक अघि बढाएको छ। जसले सरकारी नियतमाथि प्रश्न उठाइदिएको छ।

## आजको राशिफल

**मेष :** नयाँ योजना तथा व्यवसाय प्रारम्भ गर्न अनुकूल समयको सशक्त संकेत देखिन्छ।

**बृष :** व्यापारिक क्षेत्रमा विस्तार र लगानीका नयाँ अवसरहरू देखा पर्न सक्छन्।

**मिथुन :** शिक्षा तथा प्रतिस्पर्धात्मक क्षेत्रमा सफलता हासिल गर्न अतिरिक्त मिहिनेत र धैर्य आवश्यक पर्ने देखिन्छ।

**कर्कट :** आवेग र हतारका कारण विवाद उत्पन्न हुन सक्ने भएकाले संयमित व्यवहार अत्यन्त आवश्यक देखिन्छ।

**सिंह :** प्रतिस्पर्धी तथा विरोधीमाथि विजय हासिल गर्ने बलियो सम्भावना देखिन्छ।

**कन्या :** बौद्धिक, सिर्जनात्मक तथा विश्लेषणात्मक क्षमतामा वृद्धि भई नयाँ सोच र विचारहरू जन्मिनेछन्।

**तुला :** व्यवसायिक क्षेत्रमा उल्लेखनीय प्रगति हुँदै लगानी विस्तारका लागि अनुकूल समय देखिन्छ।

**वृश्चिक :** अध्ययनमा समय दिए पनि अपेक्षित परिणाम प्राप्त गर्न केही कठिनाइ आउन सक्छ।

**धनु :** अघिल्लो समयदेखि रोकिएका वा अधुरा रहेका कार्यहरू क्रमशः सम्पन्न हुने संकेत छन्।

**मकर :** कृषि, भूमिसम्बन्धी तथा नगदे कारोबारसँग सम्बन्धित व्यवसायबाट उल्लेखनीय लाभ प्राप्त हुने संकेत छन्।

**कुम्भ :** मानसिक चञ्चलता तथा निर्णयमा अस्थिरता चुनौतीका रूपमा देखा पर्न सक्छ।

**मीन :** दिनको सुरुवातमा स्वास्थ्यमा केही असहजता महसुस हुन सक्ने भए पनि समयक्रमसँगै सुधार आउने संकेत छन्।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

## मधेशका पूर्वअर्थमन्त्री साहसहित ............

युवराज पोखरेललाई पनि सोही रकम बराबर बिगो मागदाबी गरिएको छ।

मधेश सरकारका तत्कालीन उपसचिव उद्धवराज न्यौपानेलाई २० करोड बिगो मागदाबी गरिएको अख्तियारका प्रवक्ता न्यौपानेले बताए।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार बागमती नगरपालिका, सर्लाहीले आर्थिक वर्ष २०७८/०७९ मा बागमती फनपार्क एण्ड रिसोर्ट आयोजनाको दोस्रो चरण निर्माणका लागि नयाँ डीपीआर तयार गरी मूल डीपीआरमा नभएका संरचना समावेश गर्दै लागत अनुमान बढाएको, प्रतिस्पर्धा सीमित हुने गरी जटिल मूल्याङ्कनका आधार तयार गरेको तथा सीमित निर्माण व्यवसायीलाई फाइदा पुग्ने गरी ठेक्का प्रक्रिया अघि बढाएको आरोप छ।

अनुसन्धानबाट पहिलो चरणको डीपीआरको पुनरावलोकन नगरी दोस्रो चरणको डीपीआर तयार गरिएको, आयोजनाको आवश्यकता, जोखिम विश्लेषण तथा आर्थिक सम्भाव्यताको पर्याप्त अध्ययनबिना थप संरचना समावेश गरिएको र यसबाट राज्यलाई ठुलो आर्थिक क्षति पुगेको आयोगले जनाएको छ। साथै, सार्वजनिक खरिद ऐन विपरीत मूल्याङ्कनका आधार स्वीकृत गरी निर्माण कम्पनीसँग मिलेमतोमा ठेक्का सम्झौता गरिएको आरोप पनि लगाइएको छ।

अख्तियारका अनुसार बिकोई/धुलिखेल जेभीका आधिकारिक प्रतिनिधिले समेत मूल्याङ्कनका क्रममा झुटा तथा किर्ते कागजात पेस गरी ठेक्का प्राप्त गरेको अनुसन्धानबाट खुलेको छ।

**अपन दैनिक**
- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

**सिधा सम्पर्क**
**०३३-५२१२१४**
बिहान १० बजे देखि ५ बजेसम्म

# मोबाइलमा साथीसँग कुरा गरेको भन्दै श्रीमतीमाथि चरम हिंसा

## नवराजपुरका रामशंकरले हातखुट्टा बाँधी मुखमा कपडा कोचेर तातो फलामे रडले श्रीमतीमाथि गरे निर्घात कुटपिट

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०७ गते**

सिरहाको नवराजपुर गाउँपालिका-४, नवराजपुर गाउँका ३३ वर्षीय रामशंकर यादवले भाइ श्यामसुन्दर यादवसमेतको सहयोगमा श्रीमती सञ्जनामाथि चरम हिंसा गरेका छन् । आफ्नो साथीसँग मोबाइलमा कुरा गरेको भन्दै उनले मंगलबार राति १० बजेतिर फलामे रड तताएर सञ्जनामाथि निर्घात कुटपिट गरेका हुन् ।



घरको झ्यालढोका थुनेर भात पकाउने चुलोमा तताएको फलामे रडले हातखुट्टा र शरीरका विभिन्न भागमा प्रहार गर्नुका साथै रामशंकरले आफ्नो हातखट्टा बाँधेर मुखमा कपडा कोचेर निर्घात कुटपिट गरेको सञ्जनाले बताइन् । घरभित्र झगडा भएको थाहा पाएपछि छिमेकीले ढोका फोडेर तत्काल प्रहरीलाई खबर गरेसँगै उद्धार गरी सञ्जनालाई अस्पताल पुऱ्याएका थिए । उनको नवराजपुरस्थित सरकारी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

'तातेको फलामे रडले कुटपिट मात्र गरेनन्,' उनले भनिन्, 'हातखुट्टाको नङ निकाल्न दुईवटा पिलाससमेत राखेका थिए । छिमेकीले ढोका फोडेर उद्धार नगरेको भए सायद ज्यान नै मार्थे होलान् ।' उनका अनुसार श्रीमान्को मोबाइलमा उनकै साथीको पटक-पटक फोन आएपछि उठाएर कुरा गर्दा 'किन अरूसँग मस्किएर कुरा गरेको' भन्दै निर्घात कुटपिट गरिएको हो ।

गाउँलेका अनुसार आफ्नी आमा गाउँबाहिर रहेका वेला रामशंकरले मावली हजुरबा चन्देश्वर यादव घरमै रहेका वेला फलामे रड तताएर निर्घात कुटपिट गरेका हुन् । उनका बाबु राजिन यादव रोजगारीका लागि साउदी अरबमा छन् । स्थानीय बेचनीदेवीका अनुसार यसअघि पनि पटक-पटक सञ्जनामाथि निर्घात कुटपिट हुँदै आएको थियो । 'छिमेकीसँग कुराकानी गर्दासमेत किन बोलेको भन्दै निर्घात कुटपिट गर्थे, छिमेकीको घर जानसमेत बन्देज गरिएको थियो,' उनले भनिन्, 'एकपल्ट त आँखामा खुर्सानीको धुलो हालेर कुटपिट भएको थियो ।'

महिलामाथि निर्घात कुटपिट भएको विषयमा राति करिब साढे १२ बजेतिर खबर पाएलगत्तै प्रहरी टोली पुगेर घटनाबारे सोधपुछ गरिएको इलाका प्रहरी कार्यालय महेशपुरपतारले जनाएको छ । प्रहरीका अनुसार गाउँलेले घाइते महिलालाई अस्पताल पुऱ्याइसकेकाले अस्पतलमा पुगेर घाइते तथा गाउँलेसँग घटना विवरण बुझी रामशंकरलाई पक्राउ गरी महेशपुरपतार प्रहरीमा ल्याएर राखिएको छ । घटनाको अनुसन्धान जारी रहेको जानकारी दिँदै प्रहरीले फरार रहेका देवर श्यामसुन्दरको

बाँकी पृष्ठ ४




# अनुचित लेनदेनसम्बन्धी उजुरी मेलमिलापबाट फर्स्योट




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०७ गते**

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी परेका उजुरीमध्ये हालसम्म एक हजार १८७ वटा गुनासो मेलमिलाप विधिबाट फर्स्योट भएको छ ।

कुल दर्ता भएका पाँच हजार २५७ अभियोगमध्ये छलफल विधिबाट पीडितको पक्षमा सुनुवाइ भएको हो । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक मधुसूदन न्यौपानेले सहमति नभएका ९३ मुद्दा अदालतमा पञ्जीकरण गरिएको जानकारी दिए ।

छानबिनपछि सहमतिमा ३० करोड ८२ लाख ३७ हजार ९२ रुपैयाँ र २७ बिघा आठ कठ्ठा १८ धुर जग्गा फिर्ता भएको छ । थोरै रकम दिएको तर, धेरै रकमको कपाली तमसुक गरिएकाले दोब्बर तेब्बरसम्म चेक धितो राख्ने प्रवृत्ति रहेको छानबिनका क्रममा भेटिएको बताइन्छ ।

जनशक्ति कमीले पहिले दर्ता भएका गुनासो टुंगो नलागेकाले जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका उजुरीमा कारबाही प्रक्रिया अघि नबढेको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले बताए ।

## भारतमा विरोधको नयाँ शैली: लाठीचार्ज र अश्रुग्यासबीच ...........

इन्स्टाग्राममा बाढीजस्तै ल्याइदिएका थिए ।

केहीमा स्पष्ट रूपमा आक्रोश झल्किन्थ्यो । केही अन्योल, डर वा शान्त प्रतिरोधले भरिएका थिए । तर, सबैभन्दा बढी ध्यान तान्ने कुरा अक्सर तिनीहरूको व्यङ्ग्यात्मक शैली थियो ।

**सामाजिक सञ्जालमा ठट्टा गरिरहेका प्रयोगकर्ताहरू**

एक युवती महिला प्रहरीहरूकै अगाडि उभिएर आरामले ओठमा लिपस्टिक लगाइरहेकी थिइन् । अर्कीले ठट्टा गर्दै भनिन्,'प्रदर्शनमा राम्री देखिने कोसिस गरिरहेकी छिन्, किनभने सरकारले न्याय दिन सकेन ।'

एउटा रिलको सुरुवात सामान्य 'आउटफिट रिभिल' भिडियोजस्तै भयो, तर अचानक दृश्य परिर्वन भएर अश्रुग्यासबाट बचेर भागिरहेका प्रदर्शनकारीहरूतिर पुग्यो। अर्को एक रिलमा अश्रुग्यासको यसरी 'रिभ्यु' गरियो, मानौं कुनै नयाँ रेस्टुरेन्टको समीक्षा भइरहेको होस् ।

अनलाइन हेर्ने धेरै मानिसहरूलाई यो हास्य हिंसाको ठीक विपरित लाग्यो । तर, जुन युवाहरूले यी भिडयो बनाएका थिए, उनीहरूका लागि यसमा कुनै विरोधभास थिएन ।

प्रदर्शनकारीहरूमध्ये कसैले पनि एल्गोरिदम, इन्गेजमेन्ट वा भाइरल हुने कुरा गरेनन् । भिडियो रेकर्ड गर्नु प्रदर्शनकै एउटा हिस्सा रहेको उनीहरूको भनाइ थियो ।

जब उनीहरूले हास्यको सहारा लिए, त्यो लगभग सधैँ आफूमै केन्द्रित थियो । जस्तै लाठी चार्जबाट बच्नका लागि धेरै किलोमिटर भागिसकेपछि त्यसको मजाक उडाउनु वा अश्रुग्यासको बीचबाट भाग्नुभन्दा केही क्षणअघि 'आउटफिट रिभिल' रेकर्ड गरेकोमा हाँस्नु । यी गतिविधिले डरलाई समाप्त गरेनन् । डर र हास्य एकसाथ देखिन्थ्यो ।

विशेषहरूका अनुसार यो प्रवृत्तिले इन्टरनेटको युगमा हुर्किएको एक पुस्ताले प्रदर्शनलाई कसरी अनुभव गर्छ भन्ने कुरातर्फ संकेत गर्छ ।

## लहानमा प्रहरीको गोली चल्दा दुई लागुऔषध ............

**लागुऔषध नियन्त्रण अभियान तीव्र**

जिल्ला प्रहरी कार्यालय सिरहा, इलाका प्रहरी कार्यालय महेशपुरपतार तथा लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजारको संयुक्त टोलीले पछिल्ला केही सातादेखि नेपाल-भारत सीमावर्ती क्षेत्रमा लागुऔषध ओसारपसार तथा कारोबार नियन्त्रण अभियानलाई तीव्र बनाएको छ ।

यसअघि असार ७ गते सिरहा नगरपालिका-२१ लगडीगोठ क्षेत्रमा लागुऔषध कारोबारीलाई नियन्त्रणमा लिने क्रममा प्रहरीमाथि ढुंगामुढा भएपछि आत्मरक्षाका लागि गोली चलाइएको थियो । उक्त घटनामा भारतको बिहार राज्य, मधुबनी निवासी छोटु भन्ने रञ्जित कुमार पासवान घाइते अवस्थामा पक्राउ परेका थिए भने एक भारतीय नाबालकलाई पनि नियन्त्रणमा लिइएको थियो । उनीहरूको साथबाट प्लास्टिकसहित १०१ ग्राम ६० मिलिग्राम ब्राउनसुगर बरामद भएको प्रहरीले जनाएको थियो । प्रारम्भिक अनुसन्धानबाट पासवान सीमावर्ती क्षेत्रमा सक्रिय लागुऔषध तस्करी सञ्जालसँग आबद्ध रहेको खुलेको प्रहरीले जनाएको छ ।

त्यसैगरी, असार १९ गते नवराजपुर गाउँपालिका-५ मा सञ्चालन गरिएको विशेष अपरेशनका क्रममा भारतको बिहार राज्य, मधुबनी निवासी अब्दुल कलामलाई गोली चलाएर पक्राउ गरिएको थियो । उनको साथबाट १२२.८० ग्राम ब्राउनसुगर बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको थियो ।

प्रहरीका अनुसार नेपाल-भारत सीमावर्ती क्षेत्रमा सक्रिय लागुऔषध तस्करी तथा बिक्री-वितरण सञ्जाल नियन्त्रणका लागि निगरानी, सूचना संकलन तथा संयुक्त अपरेशनलाई अझ प्रभावकारी बनाइएको छ । लागुऔषधको कारोबार, ओसारपसार तथा बिक्री-वितरणमा संलग्न जोसुकैमाथि कानुनबमोजिम कडा कारबाही गरिने जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१३३०००२१५५ | हरि नारायाण कामती | सुखिपुर न.पा. ०४,सिराहा |
| २ | PLI१३३०००२१५५ | मन्जु देबी कामत | सुखिपुर न.पा. ०४,सिराहा |
| ३ | PLI१३३०००३५४७ | दिपेश कुमार कामती | सुखिपुर न.पा. ०४,सिराहा |
| ४ | PLI१३३०००३१६१ | अम्बीका कमती | सुखिपुर न.पा. ०४,सिराहा |

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

# पूर्वएसएसपी गोविन्दकुमार साहको दुखेसो- म पनि मिटरब्याज पीडित भएँ

## ९९ लाख ऋण लिँदा १५ करोडको जमिन साहुले हडप्न खोजेको आरोप

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ०७ गते**



नेपाल प्रहरीका पूर्ववरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) गोविन्दकुमार साहले आफू मिटरब्याज पीडित बनेको बताएका छन्। पूर्वएसएसपी साहले बिहीबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै लिएको ऋण तिर्न तयार रहेपनि साहुले करोडौं रुपैयाँ मूल्यको जग्गा हडप्न खोजेको आरोप लगाएका हुन्।

साहले आफूले २०७९ वैशाख २३ गते ९९ लाख रुपैयाँ ऋण लिएको र सो ऋणको साँवा र ब्याज तिर्न तयार रहेको बताए। तर, साहु पक्षले सुनियोजित रूपमा ठगी गरेको उनको दाबी छ।

ऋण लिँदा नै १५ करोड रुपैयाँभन्दा बढी मूल्यको जग्गा धितो राखिएको पत्रकार सम्मेलनमा पूर्वएसएसपी साहले बताए। त्यसबेला घरधनी महल खाली राखेर ५०/५० लाख रुपैयाँका दुई थान कपाली कागज बनाउन लगाइएको उनले खुलाए। यस्तै, सानिमा विकास बैंकको हस्ताक्षर मात्र भएको तीन वटा खाली चेकसमेत साहुले लिएर राखेको उनको भनाइ छ।

ऋण लिएको आठ महिनाभित्रै सोही जग्गा कृषि कम्पनीको नाममा प्रयोग गरी बैंकबाट चार करोड रुपैयाँ ऋणसमेत निकालिएको उनको दाबी छ।

'ऋण लिएको हुँ, तिर्छु। तर, अन्याय त गर्नु भएन नि,' उनले भने, '९९ लाख ऋणका लागि १५ करोडभन्दा बढी मूल्यको जग्गा कसैले बेच्छ त ?'

आफूले ऋण बराबरको रकम बुझाउन पटक-पटक प्रयास गर्दा पनि साहुले आलटाल गर्दैआएको उनले बताए। ऋणको विषय स्थानीय बासिन्दा, व्यवसायी तथा जनप्रतिनिधिलाई समेत जानकारी रहेको उनको भनाइ छ।

जनकपुरधाम-१६ का गोपाल साह, उनका भतिज हरेराम साह, भाउजू रेखाकुमारी साह तथा दाजु बलराम साहले संगठित रूपमा ठगी गरेको पूर्वएसएसपी साहको दाबी छ।

अनुचित लेनदेन सम्बन्धी मुद्दामा एकसाता अघि गोपाल, हरेराम र रेखा साहलाई धनुषा प्रहरीले पक्राउ गरेको थियो। जिल्ला अदालत धनुषाले सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।




# महिला सेवाग्राहीलाई दुर्व्यवहार गरेको आरोपमा पठाओ चालक पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०७ गते**

पठाओ बुकिङ गरी सेवा लिने क्रममा महिलालाई दुर्व्यवहार गरेको आरोपमा एक जना चालक पक्राउ परेका छन्।

पक्राउ पर्नेमा मिर्चैया नगरपालिका ५ स्थायी घर भई हाल ललितपुर महानगरपालिका १४ थसिखेल बस्ने बा.३१ प ४१३८ नम्बरको पठाओ चालक वर्ष ३४ को प्रविन कुमार साह रहेका छन्।

एक जना महिला सेवाग्राहीलाई पठाओ बुकिङ गरी सेवा लिने क्रममा सार्वजनिक स्थान र उनको फोन नम्बरमा कल तथा मेसेजद्वारा अश्लील,अपशब्द बोली दुर्व्यवहार गरेको प्रहरीको आरोप छ।

पठाओ चालक साहलाई जिल्ला प्रहरी परिसर ललितपुरको टोलीले पक्राउ गरेको हो। उनीमाथि थप अनुसन्धान भइ रहेको प्रहरीले जनाएको छ।

साथै त्यस्ता प्रकारका घटनाहरु बढ्दै गइरहेकोले आम सर्वसाधरणहरूलाई याङ्गो, इन्ड्राइभ र पठाओद्वारा सेवा लिँदा अनलाइन बुकिङ गरी सेवा लिन र अफलाइन सेवा नलिन पनि प्रहरीले आग्रह गरेको छ।

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**


- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं।
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं।
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं।
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं।
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं।
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं।
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# मल लिन जाँदा भारतीय जेलमा थुनिएका नेपाली किसानलाई रिहा गर्न कांग्रेसको ध्यानाकर्षण

**मल लिन जाँदा भारतीय जेलमा परेका नेपाली किसान सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंहलाई अविलम्ब रिहाइको पहल गर्न नेपाली कांग्रेसले सरकारको ध्यानाकर्षण गराएको छ।**





**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०७ गते**

मल लिन जाँदा भारतीय जेलमा परेका नेपाली किसान सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंहलाई अविलम्ब रिहाइको पहल गर्न नेपाली कांग्रेसले सरकारको ध्यानाकर्षण गराएको छ। बिहीबार कांग्रेसका केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले एक ध्यानाकर्षणपत्र जारी गर्दै 'भारतीय जेलमा रहेका नेपाली किसानको शीघ्र रिहाइ र मल समस्या हल गर्न सरकार'को ध्यानाकर्षण गराएका हुन्।

'भारतीय जेलमा रहेका नेपाली कृषक सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंहलाई अविलम्ब रिहाइको पहल गर्न नेपाली कांग्रेस सरकारको ध्यानाकर्षण गराउँदछ,' कांग्रेसले जारी गरेको पत्रमा भनिएको छ, 'बजारमा समयमै रासायनिक मल नपाएपछि सर्लाही बलराका यी दुई कृषक सीमावर्ती भारतीय बजार सोनवरसाबाट मल खरिद गरी ल्याउने क्रममा भारतीय सुरक्षा निकायबाट पक्राउ परेको समाचार विभिन्न सञ्चार माध्यममा प्रकाशित भएका छन्।'

भारतीय बजारमा मल लिन गएका नेपाली किसानद्वय सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंह भारतीय जेलमा रहेको समाचार बिहीबार प्रकाशित भएको थियो।

कांग्रेसले विगत २० दिनदेखि बिहार, सीतामढी, डुमरास्थित भारतीय जेलमा उनीहरूलाई राखिरहेको तथ्य बाहिर आएपछि परिवार र स्थानीय समुदायसँग समेत जानकारी लिएर वास्तविकता बुझ्ने प्रयास गरेको ध्यानाकर्षणपत्रमा उल्लेख छ।

'ती किसान दाजुभाइ आफ्नो खेतमा प्रयोग गर्नको लागि मल लिन जानु भएको रहेछ। किसानले भोगेको समस्या र त्यसपछिको परिस्थितिप्रति नेपाली कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ,' कांग्रेसले भनेको छ। छिमेकी देशबाट दुई बोरा युरिया र डीएपी मल किनेर मलको जोहो गर्न बाध्य दुई जना किसानलाई पक्राउ गरी जेलमा राखेको २० दिन पुग्दा समेत तदारुकताका साथ पहलकदमी हुन नसक्नु दुःखद विषय रहेको कांग्रेसले भनेको छ। 'मल गोदाममा, किसान जेलमा अत्यन्त बिडम्बना हो,' ध्यानाकर्षण पत्रमा उल्लेख छ।

सरकारले उनीहरूको रिहाइ एवं समस्या समाधानमा व्यवहारिक, कुटनीतिक र कानुनी प्रक्रिया मार्फत् तत्काल पहलकदमी लिन कांग्रेसले आग्रह गरेको छ।

यस्तै, भारत सरकारलाई पनि नेपाल र भारतबीचको ऐतिहासिक मित्रता, खुला सीमा, पारस्परिक विश्वास तथा दुई देशका नागरिक बीचको आत्मीय सम्बन्धलाई ध्यानमा राखेर केवल आफ्नो खेतीका लागि आवश्यक मल खरिद गर्ने क्रममा पक्राउ परेका किसानलाई अविलम्ब रिहा गर्न कांग्रेसले आग्रह गरेको छ।

# सप्तरीमा ३३ सय किलो गाँजा बरामद

सिरहा। प्रहरीले ठूलो परिमाणमा लागुऔषध गाँजा बरामद गरेको छ। मध्य राति सप्तरी तिलाठी कोइलाडी गाउँपालिका ५ स्थितबाट तीनवटा गाडीबाट प्रहरीले ३ हजार ३३२ किलो ४६० ग्राम गाँजा बरामद गरेको हो।

बा.प्र.०१-०२५ च ०४३६ नम्बरको स्कारपियो, प्र १-०४-००१ च १५०७ नम्बर र बा.प्र.०१-०२९ च ९५८६ नम्बरको स्कोरपियोबाट गाँजा बरामद गरेको मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी शम्भुप्रसाद ढकालले जानकारी दिए।

उनले मधेश प्रदेश प्रहरी कार्यालय लागुऔषध नियन्त्रण तथा सर्च अभियानमा आक्रमक ढंगले काम गरिरहेको बताए। यसअघि बुधबार मात्र सिरहाबाट ६५३ किलो गाँजा बरामद गरेको थियो।

## मोबाइलमा साथीसँग कुरा गरेको ..........

पनि खोजी गरिरहेको जनाएको छ। स्थानीय गाउँलेका अनुसार रामशंकरकी जेठी श्रीमती पनि त्यसरी नै कुटपिट र यातना सहन नसकेर हिँडेकी थिइन्। जेठी श्रीमतीले छोडेपछि करिब तीन वर्षअघि भारत बिहारको मधुवनी जिल्ला भेलहा गाउँकी सञ्जनासँग दोस्रो विवाह गरेको गाउँलेहरूको भनाइ छ।

## चार लाख मूल्यको मदिरासहित कार ...........

हुँदै भारततर्फ निकासी गरिरहेको अवस्थामा कार र मदिरा नियन्त्रणमा लिएको उनले बताए।

राती अँध्यारोमा चालक भने फरार भएकाले खोजी गरिरहेको सशस्त्र प्रहरीले जनाएको छ। सशस्त्र प्रहरीका अनुसार करिब चार लाख रुपैयाँ मूल्यका ब्ल्याक ओक र कस्तुरी रक्सी तथा अर्ना क्यान र बाह्रसिंगे बियर एवं १७ लाख २७ हजार मूल्यको कार बरामद गरी माडर भन्सार कार्यालय बुझाइएको छ।

## आन्तरिक राजस्व कार्यालय लहानका ...........

रुपैयाँसम्म कर तिर्नुपर्ने बताएको थियो। तर, केही समयपछि कर्मचारीले ३०-३५ लाख रुपैयाँ कर दायित्व अझ बढ्न सक्ने बताएका थिए।

यसै क्रममा कर अधिकृत पालले आफूहरूले सबै समस्या समाधान गरिने तर, यसका लागि १२ लाख रुपैयाँ घुस दिनुपर्ने कुरा सुपर मार्केटका प्रतिनिधिलाई भनेका थिए। तर, ती प्रतिनिधिले कम्पनीको आर्थिक अवस्था कमजोर रहेको बताएपछि बार्गेनिङ हुँदै ५ लाख रुपैयाँमा टुंगो लागेको थियो।

